प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

फोन: ०५७-५२४८३५
०५७-५२४८३६
फ्याक्स: ०५७-५२४८३६
इमेल: p3mosd@gmail.com

प.सं. : ०७७/७८
च.नं. :

मिति: २०७७।०९।१३

विषय: संस्था अनुमतिका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना।

स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि यस बागमती प्रदेशभित्र शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण सम्बन्धी सेवा सञ्चालन गर्न इच्छुक संस्थाहरुले सेवा सञ्चालन अनुमति लिनका लागि यस मन्त्रालयबाट जारी गरिएको **शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७५** को अनुसूचि-१ बमोजिमको ढाँचामा तपसिलका कागजातहरुसहित निवेदन दिनु हुन यसै सूचनामार्फत सम्बन्धित सबैको लागि यो सूचना जारी गरिएको छ ।

पुनश्च: निवेदनको साथमा राष्ट्रिय वाणिज्य बैंकमा रहेको यस मन्त्रालयको राजश्व बैंक खाता नं. १०००१००२०००१००००, कार्यालय कोड ३५०००३२०१३, राजश्व शीर्षक नं. १४२२९ मा रु. ५०००/- (अक्षरुपी पाँच हजार रुपैंया मात्र) जम्मा गरेको राजश्व दाखिला फारामको सक्कलै अर्धकट्टी संलग्न गर्नुपर्नेछ ।

निवेदनसाथ पेश गर्नुपर्ने काजजातहरु:

१. कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT को दर्ताको प्रतिलिपि, फर्म वा कम्पनीको स्वीकृत प्रबन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि, गत आ.व. २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाणपत्र, कम्पनी अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि, कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि, सञ्चालकहरुको नागरिकताको प्रतिलिपि
२. फर्म वा कम्पनी, संस्थाको नाममा खाता सञ्चालन रहेको सम्बन्धित बैंकको सिफारिस पत्रको प्रतिलिपि
३. संस्थाले प्रदान गर्ने सुविधा, कार्य प्रक्रिया लागत समेत खुलेको विवरण (कम्पनी प्रोफाइल)
४. **पूर्व तयारी कक्षा सम्बन्धमा:**
   - प्रशिक्षकको स्नातक तह उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, प्रशिक्षकको नियुक्ति पत्र, सम्बन्धित विषयमा कम्तीमा ७५% प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि
५. **भाषा शिक्षण सम्बन्धमा:**
   - प्रशिक्षकहरुको योग्यता खुलेको स्नातक तहको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, प्रशिक्षकहरुको नियुक्ति पत्रको प्रतिलिपि, भाषा प्रशिक्षणको लागि सम्बन्धित भाषामा कम्तीमा एक वर्षको तालिम वा डिप्लोमा गरेको प्रमाणपत्रको प्रतिलिपि
६. **शैक्षिक परामर्श सम्बन्धमा:** (२ जना)
   - प्रशिक्षकहरुको स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, प्रशिक्षकहरुको नियुक्ति पत्रको प्रतिलिपि, मान्यताप्राप्त संस्थाबाट परामर्शकर्ताको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि, विदेशी University/College सँग प्रतिनिधि भएको प्रमाण/सम्झौता पत्र र ती University/College को profile (२ वटा)

   (सबै कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ)

विस्तृत जानकारीको लागि यस मन्त्रालयको वेवसाइट www.mosd.p3.gov.np मा रहेको **"शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७५"** हेर्नुहुन अनुरोध छ।

(रुद्रहरि भण्डारी)
अधिकृतस्तर दसौं